# आर्थिक वर्ष २०७५/०७६ को
# बजेट बक्तव्य

के. आइं सिंह गाउंपालिका
गाउं कार्यपालिकाको कार्यालय
वायल,डोटी
७ नं. प्रदेश,नेपाल
२०७५

**सम्मानित गाउंसभाका सभाध्यक्ष महोदय,**

**गाउंसभाका सदस्य महोदय,**

नेपालको संविधान २०७२ ले प्रवन्ध गरेको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना मध्यको  यस के. आई. सिंह गाउंपालिकाको सम्मानित गाउंसभा समक्ष आर्थिक वर्ष २०७५।०५६ बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउंदा गौरवान्वीत भएको छु । यस ऐतिहासिक अवसरमा लोकतान्त्रिक गणतन्त्र, संघीयता, धर्म निरपेक्षता, समावेशिता र सामाजिक न्यायका लागि जीवन उत्सर्ग गर्नु हुने आदरणीय ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । न्याय, समानता, स्वाधीनता र समृद्धि प्राप्तिका आन्दोलनमा होमिएर राज्यलाई यहां सम्म ल्याई पुऱ्याउने सम्पूर्ण दिदि बहिनी तथा दाजुभाईहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

लामो समय पछि नेपाली जनताको चाहान अनुरुप संघिय स्वरुपका समावेशी जनप्रतिनिधिमुलक राज्य प्रणाली स्थापना भएको छ तिनै तहको निर्वाचन पछि लोकतान्त्रीक शासन प्रणाली संस्थागत भएको छ यो मौलिक स्वरुपको राजनितिक उपलब्धीसंगै जनताको भरपुर साथ र विश्वास पाई १ वर्षे कार्यकाल समापनको सघारमा रहेको वर्तमान के.आई.सिंह गाउपालिका सरकारलाई सम्पुर्ण श्रोत र सामर्थ्यको सदुपयोग गरी विकास र समृद्धिका यात्रामा अविचलित रुपमा अघि बढन र के.आई.सिंह बासी जनताको सेवामा तल्लिन हुन प्रेरणा मिलेको छ ।

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले स्थानिय तह संचालन ऐन २०७४, नेपाल सरकार र प्रदेश सरकार बाट विभिन्न मितिमा जारी गरिएका निति तथा मार्गदर्शन र के आई.सिंह गाउपालिका बाट जारी भएका विभिन्न ऐन, नियमावली, कार्यविधिको अनुसरण गर्दै जनताका आवश्यकता र चाहनालाई प्राथमिकिकरण गरी आगामी आ.व को बजेट निर्माण गरेको छु ।

**सम्मानित गाउंसभाका सभाध्यक्ष महोदय,**

अब म आ.व. २०७५।०७६ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न अघि गाउंपालिकाको परिचय, सवल तथा कमजोर पक्ष ,अवसर र चुनौतिहरु, लक्ष्य सोच र उदेश्य पेश गर्न चाहन्छु ।

**गाउंपालिकाको परिचय**

नेपालको संविधान २०७२ को धारा ९५को उपधारा ३ बमोजिम कायम भएका ७५३ वटा स्थानिय तहमध्ये डोटी जिल्लामा रहेका साविकका ५ वटा गाविसहरु तिखात्तर, वासुदेवि, दुर्गामाण्डौं, रानागाउं र भुमिराजमाण्डौं समेटेर के. आई. सिंह गाउपालिकाको स्थापना गरिएको छ । यस गाउपालिकाको पुर्वमा वोगटान गाउंपालिका पश्चिममा शिखर नगरपालिका उत्तरमा दि.सि.न.पा दक्षिणमा जोरायल गाउापालिका रहेका छन् । साविक दुर्गामाण्डौ गाविसको केन्द्रमा नै गाउपालिकाको केन्द्र रहेको छ यस गाउपालिका भित्र दुर्गादेवि मन्दिर,देउरणी माणौ, मौहन्याल माणौ,कलारे माणौ, खडायत माणौ धार्मिक,सांस्कृतिक र ऐतिहासिक रुपमा रहेका छन ।

**के.आई.सिंह गाउंपालिकाका सबल पक्षहरु**

- ओजाई खर्क र मष्टोधार्मिक स्थललाई ऐतिहासिक पर्यटकिय स्थलको रुपमा विकास गरि आन्तरिक र बाह्रय पर्यटकलाई भित्र्याउन सकिने ।
- यस गाउपालिका भित्रका खोलाहरुको पानी आधुनिक प्रविधि मार्फत सिचाई गरी व्यवसायिक तथा आधुनिक कृषि मार्फत कृषिमा आत्मनिर्भर बनाउन सकिने
- हिउदे तथा वर्षे फलफुल तथा तरकारीको पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने
- नांगा डाडाहरुमा वृक्षारोपण गरि जोखिममा न्युनिकरण गर्नुका साथै लोपोन्मुख जनावरहरुको संरक्षण तथा अस्तित्व जोगाउन सकिने ।

**के.आई.सिंह गाउपालिकाका कमजोर पक्षहरु**

- गउपालिकाका अकिकांश वस्तिहरुमा सडकको पहुच भए पनि खोलाहरुमा पुल निर्माण नहुनु
- बाह्रय लगानी शुन्य
- रोजगारका अवसरहरु नहुनु

- भैगोलिक विगटता
- परम्परागत कृषि पद्धति
- अस्पताल र एम्बुलेन्सको अभाव
- प्राविधिक शिक्षाको अध्यन गर्ने शिक्षण संस्था नहुनु

**अवसरहरु**

- व्यवसायिक पशुपालन र कुषि पकेट क्षेत्र बनाउन सकिने ।
- काष्टजन्य उद्योगका लागि प्रचुर मात्रामा कच्चा पदार्थ रहेको
- पर्यटन विकास माफर्त आन्तरिक आय वृद्धि गर्न सकिने
- तेले लेकमा औषधिजन्य जडिबुटिहरुको संकलन तथा प्रशोधन बाट रोजगारीका अवसर सृजना गर्न सकिने

**चुनौतिहरु**

- जनताहरुको परम्परागत सोच
- सार्वजनिक निर्माणमा गुण्स्तर मापन
- जनश्रमदान र जनसहभागिताको अभाव
- विकासका लागि योजना भन्दा पनि आयोजनाका लागि योजना माग गर्ने सोच

**सम्मानित अध्यक्ष महोदय,**

हाम्रा सामु रहेका कठिनाईका वावभुद पनि गाउपालिकाको विकास र समृद्धिका लागि रणनीतिक उपायहरुको अवलम्बन गर्न सकेमा यस गाउंपालिकाको समृद्धि हाम्रै पालामा संभव रहेको छ ।

वार्षिक नीति तथा बजेट तर्जुमाका लागि योजना तथा कार्यक्रम छनोटमा समावेशिता तथा समानुपातिकताको सिद्धान्त अवलम्बन गरिएको छ । साथै नेपालको संविधानले सिर्जना गरेका राज्यका मार्गनिर्देशक सिद्धान्त, राज्यका नीति तथा दायित्वहरु, चौधौ योजनाको आधारपत्रले बोकेका दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य तथा प्राथमिकताहरु, राज्यले अन्तर्राष्ट्रिय स्तरमा जनाएका प्रतिवद्धताहरु, संघीय सरकारबाट प्राप्त मार्ग निर्देशन तथा स्थानीय तह बजेट तर्जुमा दिग्दर्शन (परिमार्जित) २०७४ लाई मूल आधारको रुपमा लिईएको छ ।

**योजना प्राथमिकीकरणका आधारहरु :**

बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सिलसिलामा देहाय बमोजिमका आधारहरु आत्मसाथ गरिएको व्यहोरा यस सम्मानित गाउंसभालाई अवगत गराउन चाहान्छु ।

- आर्थिक विकास र गरिवी न्यूनीकरणमा प्रत्यक्ष योगदान पु¥याउने ।
- उत्पादनमूलक र छिटो नतिजा दिने ।
- राजश्व परिचालनमा योगदान पु¥याउने ।
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पु¥याउने ।
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि हुने ।
- लैङ्गिक समानता, सामाजिक समावेशीकरण अभिवृद्धि हुने ।
- दीगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पु¥याउने ।
- स्थान विशेषको संस्कृति पहिचान र प्रवर्दन हुने ।

**सम्मानित गाउंसभाका सभाध्यक्ष महोदय**

समग्रमा यस बजेट तथा कार्यक्रमले देहायका सोच, लक्ष्य, उद्देश्य लिएको छ ।

**सोचः**

“समृद्ध के. आई. सिंह गाउंपालिका र सुखी गाउपालिकावासी” सहितको स्थानीय सरकार बनाउने ।

**लक्ष्यः**

यस गाउंपालिकाको सामाजिक आर्थिक सुचकाङ्कहरुमा निरन्तर सुधार ल्याउदै नगरपालिकामा स्तरोन्नती गर्ने ।

**उद्देश्यः**

- आर्थिक क्रियाकलापको विकास र विस्तार गर्ने, आय र रोजगारी वृद्धि गर्ने तथा गरिवी घटाउने ।
- अवसरको सिर्जना, सक्षमता अभिवृद्धि, सामाजिक संरक्षण गर्ने ।
- सवै गाउंपालिका वासीलाई गुणस्तरीय सार्वजनिक सेवा उपलब्ध गराउने ।
- उत्पादकत्व र उत्पादन वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्ने ।

- स्थानीय सरकारको अवधारणालाई मुर्त रुप दिई संघीयताको मर्मलाई आम गाउपालिका वासीमा प्रत्याभूति गराउने ।

सभाध्यक्ष महोदय,

अव म आर्थिक वर्ष २०७५/७६ को कार्यक्रम र बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**कार्यक्रमहरु**

**आर्थिक विकास**

१ यस गाउंपालिकाको आर्थिक विकासका लागि कृषिलाई रणनैतिक उपायको रुपमा ग्रहण गरिएको छ । कृषि तथा पशु क्षेत्रका वितरणमूखी कार्यक्रमहरु समाप्त गरी उत्पादनमूलक कार्यक्रमको विकास गरिएको छ । करार तथा सहकारी खेती प्रणाली मार्फत तरकारी, फलफूल खेतीका लागि आवश्यक बजेट विनियोजन गरेको छु । साथै परम्परागत एवं निर्वाहमूखी कृषि प्रणालीलाई व्यवशायिक बनाउदै कृषिमा आत्मनिर्भर अर्थतन्त्रको विकास गरिनेछ ।

२ कृषि विकासका लागि सहकारीलाई माध्यमको रुपमा स्थापित तुल्याउन सहकारी स्थापनामा जोड दिईएको छ । गाउंपालिका स्तरीय सहकारी प्रवर्दन कार्यक्रम संचालनमा ल्याईनेछ ।

३ गाउंपालिकामा पर्यटनको संभाव्यता अध्ययन गर्न बजेट विनियोजन गरेको छु । विशेष गरी धार्मिक तथा पर्यावरणीय पर्यटनलाई प्रवर्दन गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गरिनेछ ।

४ स्थानीय परम्परागत सीपहरुको पहिचान, प्रवर्दन र उद्यमीकरणका गाउंपालिकास्तरीय लक्षित समुह सीप प्रवर्दन तथा उद्यमीकरण कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

**सामाजिक विकास**

१ गुणस्तरीय शिक्षा मानवीय पूजि निर्माणको न्युनतम शर्त भएकाले विद्यालयको शैक्षिक प्रणालीमा सुधार ल्याईनेछ । जेहेन्दार, विपन्न, सीमान्तकृत, लक्षित

समुदायका बालबालिकाको पढाईलाई टेवा पुऱ्याउन के. आई. सिंह छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिनका लागि बजेट विनियोजन गरेको छु ।

२ विद्यालयको शैक्षिक अवस्थामा सुधार ल्याई गुणस्तरीय मानवीय पुजि निर्माणका लागि विद्यालयहरुलाई कार्यसम्पादनका आधारमा अनुदान प्रदान गरिने छ । साथै विद्यालयको नतिजा प्रति उनीहरुलाई जिम्मेवार तुल्याईने छ ।

३ आधारभूत तहमा अंग्रजी माध्यममा पठन पाठनका लागि तथा गाउंपालिका भित्र कम्तिमा एउटा मा. वि. मा प्राविधिक शिक्षाको पढाई सुरु गर्न संभाव्यता अध्ययन गरिने छ ।

४ अध्ययन अध्यापनका सम्पुर्ण चरणहरुमा सामाजिक परीक्षण गरी विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकलाई जवाफदेही तुल्याईनेछ ।

५ मातृशिशु स्याहारलाई उच्च प्रामिकता दिईनेछ । स्वास्थ्य चौकीमा आई सुत्केरी हुने आमाहरुलाई गाउंपालिकाको तर्फबाट न्यानो कम्वल प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु । साथै बहुक्षेत्रीय पोषण योजनाको नतिजामूलक कार्यान्वयन गरिनेछ ।

६ दुर्गामाण्डौ स्वास्थ्य चौकीबाट यस आ. व. मा नै एम वि वि एस डक्टरको व्यवस्था गरी चिकित्सा सेवा सुरुवातका लागि बजेट विनियोजन गरेको छु । साथै १५ शैयाको अस्पताल स्थापनाको लागि पनि पहल गरिनेछ ।

७ विद्यालयमा स्वास्थ्य परीक्षण कार्यक्रम मार्फत विद्यार्थीहरुको स्वास्थ्य अवस्थालाई मजबुद तुल्याउनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८ जनतालाई सहज प्रेषणको लागि एम्बुलेन्स खरिद गरीद गरी स्वास्थ्य सेवालाई सहज तुल्याउन आवश्यक बजेट विनियोजन गरेको छु ।

९ गाउंपालिकास्तरीय खेलकूद कार्यक्रम संचालन गर्न तथा लक्षित समूह सीप प्रवर्दन तथा उद्यमीकरण कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

## पूर्वाधार विकास

१ वाग्नेटे अनागाड नारी दाङ्ग सेतीलोकमार्ग जोड्ने सडक, देउरडी जंघार सडक, नारी गणेशकांडा सडक, अल्लेवन महादेउ दवाडाडा हुदै सेती नदी जोड्ने सडक, केदारगाउ ढणेलमाण्डौ, गडीगाउं चन्केसैन सडक, डोडर देवस्थल सडक,

कलारै वरेडाडा कपल्लेकी सडक निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२ विभिन्न ठूला पूर्वाधार विकासका लागि संघीय तथा प्रदेश सरकार संग साझेदारी गरी विषेश अनुदान प्राप्त गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३ हरीत तथा वातावरण मैत्री सडक निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४ सैन सिचाई योजना, अम्सैन सिचाई योजना, सेल्पाखा जारिमगाड खानेपानी, योजना, मौडा कापडा खानेपानी योजना, बास्कोट देउकाडा खानेपानी योजना को लागि बजेट विनियोजन गरेको छु ।

**वातावरणीय विकास**

१ विपद व्यवस्थापन प्रणालीलाई मजबुद तुल्याउन गाउंपालिका स्तरमा र वडा स्तरमा विपद व्यवस्थापन कोष निर्माणका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

२ पर्यावरणीय सन्तुलन कायम राखी सुन्दरताको जगेर्ना गर्न बनजन्य विरुवा उत्पादन र वितरण गरिनेछ ।

३ फोहोरमैला व्यवस्थापनका लागि आवश्यक रुपमा सहजीकरण र प्रोत्साहन गरिनेछ साथै फोहोरमैला व्यवस्थापनलाई अवमुल्यन गर्नेहरुलाई दण्डित गर्ने प्रणाली अवलम्बन गरिनेछ ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

१ पंजिकरण कार्यलाई अनलाईनमा प्रविष्टि गरिने छ । साथै गाउंपालिकाका सवै सामाजिक सुरक्षा भत्ता लाभग्राहीको अभिलेख इन्टरनेटमा अध्यावधिक गरिनेछ ।

२ सुशासनका आधारस्तम्भका रुपमा रहेका जनसहभागिता, पारदर्शिता, पुर्वानुमानयोग्यता र जवाफदेहिता प्रवर्दन गरिनेछ ।

३ गाउंपालिकाको कार्यालयमा विद्युतीय सुचना पाटी निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**<u>बजेट व्यवस्थापन</u>**

अब म माथिका कार्यक्रमहरु कार्यान्वयनका लागी बजेट विनियोजन र स्रोतको व्यवस्थाको योजना प्रस्तूत गर्नछू ।

१.आगामी आर्थिक वर्षका लागी रु २५ करोड ९ लाख ६७ हजार विनियोजन विनियोजन गरेको छू । जस मध्ये चालु तर्फ रु ४ करोड ५० लाख लाख अर्थात २९.४४ प्रतिशत र पूंजिगत तर्फ १० करोड ७८ लाख ६७ हजार अर्थात ७०.५६ प्रतिशत रहेको छ । नेपाल सरकारबाट सर्शत अनूदानको रुपमा प्राप्त रु ९ करोड ८१ लाख प्राप्त भएको छ ।

२.आगामी आर्थिक बर्षको लागि अनूमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्य नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदानको रुपमा प्राप्त ७ करोड ६९ लाख, राजश्व वांडफाडको रुपमा प्राप्त रु ६ करोड, २५ लाख ३५ हजार तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदानको रुपमा प्राप्त रु ६७ लाख ३० हजार, राजश्व वांडफाडको रुपमा प्राप्त रु २२ लाख २ हजार र आन्तरिक आम्दानी को प्रक्षेपण रु ४५ लाख उठाउने अनूमान गरिएको छ ।

३.कूल बजेट मध्ये प्रत्येक वडाहरुलाई पूंजिगत तर्फ रु ४० लाखका दरले रु २ करोड ८० लाख र गाउँपालिकाको लागी रु ७ करोड ९८ लाख ६७ हजार रहेको छ । साथै चालू तर्फ वडाहरुको लागी रु ५७ लाख ८९ हजार तथा गाउँपालिका कार्यालयको लागि रु ३ करोड ९२ लाख ११ हजार विनियोजन गरेको छू ।

४.कार्यक्षेत्रको अनूमान

आर्थिक विकासका कूल बजेट रु १ करोड ९४ लाख ३ हजार ४०० विनियोजन गरेको छू । सामाजिक विकासका ४ करोड ८० लाख ४२ हजार विनियोजन गरेको छू । पुर्वाधार क्षेत्रको विकासका लागी रु ३ करोड ४७ लाख ५५ हजार विनियोजन गरेको छू । वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको लागि रु २६ लाख ४५ हजार विनियोजन गरेको छू । सेवा प्रवाहको गूणस्तरीयता र सूशासन प्रबर्द्धनलाई मध्य नजर गर्दै सो क्षेत्रका लागि ३० लाख २१ हजार ६ सय विनियोजन गरेको छू ।

गाउँपालिकामा समायोजन हून आउने  विभिन्न विषयगत कार्यालयहरु तथा विकास साझेदारहरुबाट प्राप्त हूने बजेट प्राप्त कार्यक्रमकै आधारमा खर्च गर्ने व्यवस्था मिलाएको छ्ु ।

**सम्मानिय गाउँसभाका सभाध्यक्ष महोदय**

६. नेपालको संविधानले व्यवस्था गरेको स्थानीय तह कार्यान्वयनमा आए संगै यो गाउँपालिका भोक, रोग, गरिवी, पछ्ौटेपन र आर्थिक समाजिक विभेद विरुद्धको संघर्ष र समृद्धि प्राप्तिको चरणमा प्रवेश गरेको छ । यो प्रयास प्राप्तिका लागि सम्पुर्ण गाउँपालिकावासीहरु एउटै मंचमा आबद्ध हुनुपर्ने अवस्था आएको छ । लोकतान्त्रिक मुल्यमान्यतामा आधारित समाजबाद उन्मुख अर्थतन्त्र स्थापना गर्न अव सामजिक आर्थिक क्षेत्रमा फड्को मार्नै पर्ने अवस्था आएको छ ।

७. यो बजेट कार्यान्वयनबाट के. आई. सिंह गाउपालिका न्याय पुर्ण सामाजिक विकास संगै समृद्धिको नयां चरणमा प्रवेश गर्नेछ । यस वजेटले स्थानीय स्तरमा आत्मानिर्भर अर्थतन्त्रको विकास गर्दै सामाजिक विकासलाई  पनि दरिलो तूल्याई समृद्ध गाउपालिका निर्माणका लागि आधार तय गर्नेछ ।

८.यो बजेट तर्जूमा गर्दा मार्ग निर्देशन प्रदान गर्नूहूने गाउँपालिकाका अध्यक्ष, वडाध्यक्षहरु, गाउ सभाका सदस्यहरु, स्थानीयस्तरमा क्रियाशील राजनीतिक दलहरु, समाजसेवी बुद्धजिवीहरु, गाउकार्यपालिकाको कार्यालयका कार्यकारी अधिकृत लगायत सम्पुर्ण कर्मचारीहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछ्ु ।

धन्यवाद ।

मिना देवी विष्ट, गाउंसभा उपाध्यक्ष
२०७५ असार ३२ गते रोज २ शुभम्